# संघीय संसद
# प्रतिनिधि सभा
# विकास तथा प्रविधि समिति
## बैठक संख्या : १४२

मितिः २०७९/०४/०९

छलफल एवं निर्णय :

समितिको आज बसेको बैठकमा नेपाल सरकार रक्षा मन्त्रालयका सचिव, काठमाडौं-तराई/मधेश द्रुतमार्ग (Express way) सडक आयोजनाको नेपाली सेनाका आयोजना प्रमुख तथा सम्वद्ध पदाधिकारीहरुसँग काठमाडौं-तराई/मधेश द्रुतमार्गको सम्बन्धमा र नेपाल सरकार रक्षा मन्त्रालयबाट प्राप्त प्रतिवेदनमाथि छलफल भई देहाय बमोजिमको निर्णय भयो ।

१ २०८१ साल मंसिर महिनासम्ममा सम्पन्न हुने भनिएको बहुप्रतिक्षित एशियन हाइ-वे मापदण्डको राष्ट्रिय गौरवको काठमाडौं-तराई/मधेश द्रुतमार्ग आयोजनाको आ.व. ०७८/०७९ सम्ममा भएको २१.१८ % को समस्टिगत प्रगति र आयोजनाको पूर्वनिर्धारित कार्यतालिका बमोजिम हालसम्म ठेक्का व्यवस्थापनका कार्यहरु हुन नसकिरहेको अवस्थालाई हेर्दा आयोजना निर्धारित समयमा सम्पन्न हुने विषयमा समिति विश्वस्त हुने अवस्था देखिदैन । यस परिस्थितिलाई मध्यनजर राखि आयोजनाको लागत बढ्न नदिई निर्धारित समयमा गुणस्तरीय रुपमा काम सम्पन्न गर्ने विश्वसनीय आधार सहितको आ.व. ०७९/०८० को ठोस कार्यतालिका तत्काल बनाई कार्यान्वयनमा ल्याउन र उक्त कार्यतालिका यथाशिघ्र समितिलाई उपलब्ध गराउन समिति नेपाल सरकार प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय, रक्षा मन्त्रालय र सम्वद्ध आयोजनालाई निर्देश गर्दछ ।

२ द्रुतमार्ग आयोजनाको काम सञ्चालन गर्दा यसका वातावरणीय पक्षहरु EIA (Environment Impact Assesment) र EMP (Environment Management Plan) को कार्यान्वयनको वर्तमान अवस्था र आयोजनाको तेस्रो पक्षबाट हुने अनुगमनको पक्ष के-कसरी कार्यान्वयन भएको छ यसको स्पष्ट जानकारी १५(पन्ध्र) दिनभित्र समितिमा उपलब्ध गराउन समिति नेपाल सरकार रक्षा मन्त्रालय, र सम्वद्ध आयोजनालाई निर्देश गर्दछ ।

३ समितिको मिति २०७८/१२/१३ गते बसेको बैठकले गरेको निर्देशनका सम्बन्धमा नेपाल सरकार रक्षा मन्त्रीस्तरीय निर्णयबाट गठित छानवीन समितिको प्रतिवेदन समितिमा प्राप्त भएकोले उक्त प्रतिवेदन अध्ययन गरी समितिको आगामी बैठकमा छलफल गरी निर्णय गर्ने ।

४ समितिको आगामी बैठक अर्को सूचना नभएसम्मको लागि स्थगित भयो ।

(ओमबहादुर कार्की)
समिति सचिव

(कल्याणी कुमारी खड्का)
सभापति